// # प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) राप्ती उपत्यका (देउखुरी), नेपाल, फागुन २२ गते, २०८१ साल (संख्या १३)

# भाग ३

## लुम्बिनी प्रदेश सरकार

## वन तथा वातावरण मन्त्रालय

## राप्ती उपत्यका (देउखुरी), नेपालको

## <u>सूचना</u>

लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०८१/११/०६ को बैठकबाट स्वीकृत भएको **"वन क्षेत्रभित्रका खोलाखोल्सी व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८१"** सम्बन्धी सूचना सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**वन क्षेत्रभित्रका खोलाखोल्सी व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८१**

**<u>प्रस्तावना:</u>** वन क्षेत्रभित्रका खोलाखोल्सी व्यवस्थापन कार्यविधि, २०८० संशोधन गर्न वाञ्छनीय भएकाले,

प्रदेश वन ऐन, २०७८ को दफा ११२ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम **"वन क्षेत्रभित्रका खोलाखोल्सी व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८१"** रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>वन क्षेत्रभित्रका खोलाखोल्सी व्यवस्थापन कार्यविधि, २०८० को दफा ९ मा संशोधन</u>**: वन क्षेत्रभित्रका खोलाखोल्सी व्यवस्थापन कार्यविधि, २०८० (यस पछि मूल कार्यविधि भनिएको) को दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छः-

"९. <u>उत्पादन भएका नदीजन्य पदार्थको सदुपयोग एवं विक्रीवितरणः</u> (१) डिभिजन वन कार्यालयले खोलाखोल्सी व्यवस्थापनका स्वीकृत क्रियाकलापहरू सञ्चालनका क्रममा उत्पादन भई घाटगद्दी गरिएको नदीजन्य पदार्थको अभिलेख राखी प्रचलित कानुन बमोजिम बिक्री गर्न सक्नेछ।

(२) खोलाखोल्सी व्यवस्थापनका क्रियाकलापहरू सञ्चालनका क्रममा उत्पादन हुने नदीजन्य पदार्थ सङ्कलन, घाटगद्दी तथा बिक्री समेत एउटै ठेक्काबाट हुने गरी समेत प्रचलित कानुन बमोजिम बिक्री गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम एकैपटक सङ्कलन, घाटगद्दी र बिक्रीको ठेक्का लगाइएको अवस्थामा ठेक्का लागेको रकमको कम्तीमा पचास प्रतिशत रकम सम्बन्धित खातामा जम्मा गरे पश्चात मात्र सङ्कलन तथा घाटगद्दी इजाजत दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सङ्कलन तथा घाटगद्दी भएको नदीजन्य पदार्थ कुल ठेक्का परिमाणको पचास प्रतिशतभन्दा बढी जम्मा भएपश्चात सकारकर्ताको माग अनुसार जम्मा गरेको राजश्वले थेग्ने सम्मको परिमाणमा निकासी इजाजत दिन सकिनेछ ।

(५) उपदफा (२), (३) र (४) बमोजिम कार्य गर्दा सङ्कलन तथा घाटगद्दीको समय र निकासीको समय फरक-फरक पारी गर्नु पर्नेछ।

(६) डिभिजन वन कार्यालयको सहमतिमा एउटै खोलाखोल्सीको हकमा एकभन्दा बढी ठाउँमा समेत नदीजन्य पदार्थ घाटगद्दी गर्न सकिनेछ ।

(७) राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, राष्ट्रिय गौरवका आयोजना वा लगानी बोर्डबाट लगानी स्वीकृत भएको आयोजना र प्रदेश गौरवका आयोजनाहरूका हकमा आवश्यक पर्ने नदीजन्य पदार्थ राजश्व, सङ्कलन खर्च र अन्य नियमानुसारको शुल्क लिई उपदफा (१) बमोजिम घाटगद्दी भएको नदीजन्य पदार्थबाट डिभिजन वन कार्यालयले उपलब्ध गराउन सक्नेछ।"

३. **मूल कार्यविधिको दफा ११ मा संशोधनः** मूल कार्यविधिको दफा ११ को उपदफा (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) खण्ड (क) बाहेकको ९० प्रतिशत र अन्य राष्ट्रिय वनक्षेत्रबाट प्राप्त हुने १०० प्रतिशत रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नु पर्ने र प्रदेश विभाज्य कोषमा जम्मा हुने रकम प्रचलित कानुन बमोजिम बाँडफाँट हुने।"

**आज्ञाले,**
**मोहनराज काफ्ले**
**प्रदेश सरकारको सचिव**

आन्तरिक मामिला तथा कानुन मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी),नेपालमा, मुद्रित।
मूल्य रु. ५।-